# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २२५ | काठमाडौं | शुक्रबार, १ पुस २०७९ | Prabhab National Daily | Friday, December 16, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## विदेशी मुद्रा सञ्चिति बढ्यो, महँगी झन् उच्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थतन्त्रका सूचकहरूमा सुधार हुँदै गएको पाइएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदनमा सुधारका संकेतहरू देखिएका हुन् । चालु आर्थिक वर्षको चार महिनाको विवरण समेटिएको उक्त प्रतिवेदनमा महँगी भने उच्च बन्दै गएको उल्लेख गरिएको छ ।

राष्ट्र बैंकको प्रतिवेदनमा देशभित्र कूल विदेशी विनिमय सञ्चिति कात्तिक मसान्तसम्म १२ खर्ब ४६ अर्ब २७ करोड रूपैयाँ बराबर रहेको छ । गत असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड रूपैयाँ बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति चालु आवको चार महिनामा २.५ प्रतिशतले वृद्धि भएको हो । उक्त रकम ९.७ महिनाका लागि वस्तु आयात गर्न पर्याप्त हुने राष्ट्र बैंकको भनाइ छ ।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा नौ अर्ब ५४ करोड रहेकोमा गत कात्तिक मसान्तमा एक प्रतिशतले वृद्धि भई नौ अर्ब ६३ करोड कायम भएको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा १० खर्ब ५६ अर्ब ३९ करोड रूपैयाँ रहेकोमा गत कात्तिक मसान्तमा ३.३ प्रतिशतले वृद्धि भई १० खर्ब ९१ अर्ब २२ करोड रूपैयाँ पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा एक खर्ब ५९ अर्ब ४१ करोड रूपैयाँ रहेकोमा गत कात्तिक मसान्तमा २.७ प्रतिशतले (**बाँकी पृष्ठ २ मा**)

## अध्यादेशविरुद्धको रिट दरपीठ

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालत प्रशासनले फौजदारी संहिता संशोधन गर्न सरकारले ल्याउन लागेको अध्यादेशविरुद्धको रिट निवेदन दरपीठ (दर्ता गर्न अस्वीकार) गरेको छ ।

उक्त अध्यादेशविरुद्ध अधिवक्ता कपिलदेव ढकालले दर्ता गर्न पेस गरेको रिट निवेदन दर्ता गर्न सर्वोच्च अदालत प्रशासनले अस्वीकार गरेको हो । सर्वोच्च अदालतका रजिष्ट्रार नारायणप्रसाद पन्थीले रिट निवेदन दर्ताका लागि (विषय) परिपक्व नभएको उल्लेख गर्दै दरपीठ गरेका हुन् ।

'संघीय संसद्बाट पारित भएका विधेयक र नेपाल सरकार मन्त्रिपरिषद्बाट सिफारिस भएका अध्यादेशहरू राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएपश्चात् मात्र कानुनको रूप धारण गर्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ,' दरपीठ आदेशमा भनिएको छ, 'नेपालको संविधानको धारा १३३ (१) तथा १३७ (२) बमोजिम कानुनको नै संवैधानिकता परीक्षण गर्न सक्ने यस अदालतमा अध्यादेश जारी नहुँदै रोकिपाऊँ भनी आशंकाका भरमा रिट निवेदन लिइआएको देखिँदा अपरिपक्व अवस्थामा दर्ता हुन आएको प्रस्तुत रिट निवेदन दर्ता गर्न मिलेन ।'

मन्त्रिपरिषद्को यही मंसिर २५ गतेको बैठकले फौजदारी संहिता संशोधनका लागि अध्यादेश जारी गर्न राष्ट्रपति विद्यादेवी भण्डारीलाई सिफारिस गर्ने निर्णय गरेको थियो ।

# नयाँ सरकारको दौड

● आगामी ३५ दिनभित्र नयाँ सरकार गठन गर्नुपर्ने ● संविधानको धारा ७६ (२) अनुसार सरकार गठन हुने

■ जेबी योञ्जन

**काठमाडौं–** निर्वाचन आयोगले चुनाव सम्पन्न भएको प्रतिवेदन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बुझाएसँगै राजनीतिक दलहरूलाई नयाँ सरकार गठन गर्न बाटो खुलेको छ । आयोगले बिहीबार निर्वाचनको अन्तिम परिणामसहितको प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाएको हो । अब दलहरूले आगामी ३५ दिनभित्र नयाँ सरकार गठन गर्नुपर्ने छ ।

संविधानको धारा ७६ मा मन्त्रिपरिषद् गठनसम्बन्धी प्रावधानहरू छन् । जसअन्तर्गत राष्ट्रपतिले सरकार गठनका लागि दलहरूलाई आह्वान गर्नेछिन । सोही धाराको उपधारा (१) मा बहुमत प्राप्त दलले एकल सरकार गठन गर्नुपर्ने प्रावधान छ । यसपटक भने कुनै दलले यो प्रावधानअनुसारको सरकार बनाउने छैन । किनभने, कुनै दलको एकल बहुमत छैन ।

त्यसको विकल्पमा उपधारा (२) अन्तर्गत सरकार गठन हुने देखिन्छ । उक्त उपधारामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमतीय सरकार गठन गर्नुपर्ने व्यवस्था छ । यही प्रावधानअन्तर्गत सरकार गठनका लागि सत्तारूढ गठबन्धनका नेताहरूको दौडधुप बढेको छ । यद्यपि, कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने टुंगो लाग्न बाँकी छ ।

प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवा फेरि दोहोरिन गठबन्धनको सहयात्री दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई विश्वासमा लिने प्रयासमा छन् । दाहालले भने हरहालतमा पहिलो चरणमै प्रधानमन्त्री हुन चाहिरहेका छन् । कारण- दुई वर्षसम्म संसद्मा प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव लैजान पाइँदैन । ढुक्कले सरकार चलाउन पाइन्छ । यस आधारमा दाहालले पहिलो चरणमै प्रधानमन्त्री बन्न चाहेका हुन् । उनले प्रधानमन्त्री भए अविस्मरणीय विकासको क्षेत्रमा काम गर्ने पनि बताएका छन् ।

'अघिल्लोपटक छोटो समय मुलुकको नेतृत्व गर्न पाएँ । त्यसैले धेरै काम गर्न सकिनँ । यो पटक नेतृत्व गर्न पाए भने केही अविस्मरणीय विकासका काम गर्नेछु,' बुधबार कास्कीको अन्नपूर्ण गाउँपालिका पुगेर दाहालले भनेका थिए ।

तेस्रोपटक प्रधानमन्त्री हुन दाहालले बल गरिरहँदा देउवा भने फेरि दोहोरिने पक्षमा छन् । उनले दाहाललाई प्रधानमन्त्री छाड्न चाहेका छैनन् । जबकि, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको तत्कालीन सरकार ढाल्न सर्वोच्चमा रिट हाल्न पुगेका बेला देउवा-दाहालबीच चुनावअघि देउवा र पछि दाहालले प्रधानमन्त्री भएर सरकारको नेतृत्व गर्ने मौखिक सहमति भएको विवरण सार्वजनिक भएको थियो । मौखिक सहमतिलाई देउवा त के उनका पार्टीका नेताहरू नै मान्न तयार छैनन् ।

कांग्रेस महामन्त्री गगनकुमार थापाले यसअघि नै भनिसकेका छन्, 'बन्द कोठामा भएको कुरा मान्नुपर्ने भन्ने छैन ।' गगनको यो अभिव्यक्तिलाई आधार मान्दा पनि आगामी ३५ दिनभित्रमा गठन हुने नयाँ सरकारको नेतृत्व दाहाललाई छाड्न कांग्रेस तयार छैन । यही कारण देउवा-दाहालबीचको सम्बन्ध चिसिएको छ ।

दाहालले एमाले अध्यक्ष ओलीसँग भेटवार्ता गर्न दूतका रूपमा महासचिव देवप्रसाद गुरुङलाई आइतबार बालकोट पठाएका थिए । त्यसअघि पनि एमाले र माओवादीका दोस्रो तहका नेताहरूबीच सघन छलफल भएको थियो । छलफल अझै जारी रहेको माओवादीका एक पदाधिकारीले प्रभावसँग बताए । 'वामपन्थी सरकारको बहस छ । स्वतन्त्र र साना कम्युनिस्ट घटकहरूसँगै केही मुद्दा मिल्ने दलहरूलाई समेटेर वामपन्थी सरकार बन्न पनि सक्छ,' ती पदाधिकारीले भने, 'यसबारे एमालेसँग छलफल भइरहेको हो ।'

कांग्रेस नेताहरूले भने देउवालाई गलाउन दाहालले 'एमाले कार्ड' देखाएको आरोप लगाउने गरेका छन् । तर, चुनावी परिणाम आउन थाल्दै एमाले अध्यक्ष ओलीले भने दाहाललाई फोन गरेर मिलेर जानेबारे प्रस्ताव गरेका थिए । अहिले नयाँ सरकार गठन हुन लाग्दा प्रधानमन्त्रीको विषयलाई लिएर विवाद भएको अवस्थाबीच दाहाल ओलीसँग मिलेर अघि नबढ्लान् भन्न नसकिने जानकारहरू बताउँछन् । फेरि, यहीबेला विदेशी शक्तिकेन्द्रहरूको चलखेल बढेको छ । भारत, अमेरिका र चीनका राजदूतहरू नेताहरूको घरघरमा पुगिरहेका छन् । (**बाँकी पृष्ठ २ मा**)



**राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष राष्ट्रपति कार्यालय शीतलनिवासमा बिहीबार प्रतिनिधिसभाको प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन पेस गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया ।**

*तस्बिर: प्रदीपराज वन्त/रासस*

## संसदीय दल गठन प्रक्रियामा

**काठमाडौं (प्रस)–** ४ मंसिरमा सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको परिणाम सार्वजनिक भइसकेकाले अबको ३० दिनभित्र १० वटा दलले संसदीय दल गठन गर्नुपर्ने छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को व्यवस्थाअनुसार संघीय संसद् र प्रदेशसभामा कम्तीमा दुई सिट जितेका १० दलले संसदीय दल गठन गर्ने र संसदीय दलको नेता चयन गर्नुपर्ने छ ।

चुनावी परिणामअनुसार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले संसदीय दल गठन गर्न पाउने छन् । संसदीय दलको नेता भने दलको विधानअनुसार चयन हुनेछ । प्रधानमन्त्रीको दाबेदार दलको नेता हुन्छन् र दलको नेताले नै राजनीतिक दलसम्बन्धी ऐनअनुसार दलका उपनेता, प्रमुख सचेतक र सचेतकलाई मनोनयन गर्ने व्यवस्था छ । उनीहरूलाई सरकारले सुविधा दिने गरेको छ ।

संसदीय दललाई आवश्यक पर्ने कार्यालयदेखि स्रोत साधनको व्यवस्था संघीय सचिवालयले गर्नेछ । दलका नेताले संसदीय गतिविधिमा दलका सदस्यहरूलाई रुलिङ गर्न पाउँछन् । प्रमुख सचेतकले भने संसद्मा छलफल हुने र मतदान गर्ने बेला दलको नेताको निर्देशनमा ह्वीप जारी गर्न सक्छन् । ह्वीप उल्लंघन गरे भने कारबाही हुनेसम्मको व्यवस्था छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## आप्रवासी श्रमिक दिवसमा सप्ताहव्यापी कार्यक्रम

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले यस वर्षको अन्तर ाष्ट्रिय आप्रवासी श्रमिक दिवसलाई भव्यताकासाथ मनाउने तयारी गरेको छ । १८ डिसेम्बरका दिन मनाइने यो दिवसका लागि यस वर्ष 'वैदेशिक रोजगारबाट प्राप्त सीप, पुँजी र ज्ञान : उद्यमशीलता, रोजगारी र राष्ट्रिय स्वाभिमान' मूल नाराका तय गरिएको छ ।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले सप्ताहव्यापी कार्यक्रम गरी उक्त दिवस मनाउन लागेको जानकारी दिएको छ । मन्त्रालयले बिहीबार आयोजित पत्रकार सम्मेलनमा 'राष्ट्रिय आह्वानपत्र' प्रस्तुत गर्दै आज डिसेम्बर १६ देखि २२ सम्म सप्ताहव्यापीरूपमा आप्रवासी श्रमिक दिवस मनाउन आग्रह गरेको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २००० डिसेम्बर ४ मा प्रस्ताव गरेको ठूलो संख्यामा रहेका आप्रवासीको सरोकारको दस्तावेज पारित भएको दिन १८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको रूपमा मनाउने गरिएको मन्त्रालयले जनाएको छ । नेपालमा यो दिवस सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज, आप्रवासी श्रमिक तथा उनीहरूका परिवारलगायत सम्बद्ध पक्षहरूको संयुक्त पहलमा प्रत्येक वर्ष विभिन्न कार्यक्रम आयोजना गरी मनाउने गरिएको छ ।

दिवसलाई नतिजामुखी हुनेगरी मनाउने उद्देश्यले श्रम मन्त्रालयका सचिवको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । मन्त्रालयले मूल नारासहित अन्य सचेतनामूलक नाराहरू तय गरेको छ । श्रम मन्त्रालयसहित आप्रवासी कामदारसम्बन्धी गतिविधि गर्ने विभिन्न संघसंस्थाले आजदेखि सात दिनसम्म विविध कार्यक्रम सञ्चालन गर्ने बताइएको छ ।

> श्रम मन्त्रालयसहित आप्रवासी कामदारसम्बन्धी गतिविधि गर्ने विभिन्न संघसंस्थाले आजदेखि सात दिनसम्म विविध कार्यक्रम सञ्चालन गर्ने

मन्त्रालयले प्रस्तुत गरेको आह्वानपत्रमा नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको वैदेशिक रोजगारीले मुलुकको गतिशीलताका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको उल्लेख छ । नेपालको श्रम शक्तिलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै वैदेशिक रोजगारीबाट आर्जित पुँजी, प्रविधि, सीप र अनुभवलाई अधिकतमरूपमा परिचालन गर्ने राज्यको नीति रहेको जनाइएको छ । मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारीका लागि भएका गन्तव्य मुलुकहरूसँगको श्रम सम्झौताको पुनरावलोकन गर्दै लगिने बताएको छ । साथै, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई लक्षित गरी सीपअनुसारको व्यवसाय सञ्चालन र रोजगार सिर्जना गरी सामाजिक तथा आर्थिक पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ ।

कुनै पनि नेपाली श्रमका लागि विदेशिनु राम्रो नभए पनि मुलुकको कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको योगदान औसतमा करिव २५ प्रतिशत रहनुले यसको महत्वलाई उजागर गरेको वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए ।

उनले बोर्ड सचिवालय स्थापना भएदेखि गत आर्थिक वर्ष २०७८/७९ सम्म वैदेशिक रोजगारीको क्रममा १० हजार ९३२ जनाले विदेशमा मृत्युवरण गरेका र दुई हजार १२५ जना गम्भिर विरामी तथा अंगभंग भएर फर्किएका श्रमिकहरूलाई आर्थिक सहायता प्रदान गरेको उल्लेख गरे । डा.उप्रेतीले विदेशबाट फर्किएका श्रमिकहरूको हकहित तथा वैदेशिक रोजगारसम्बन्धी जनचेतनाका लागि स्थानीय तहसँग मिलेर कार्यक्रम सञ्चालन गरिने जानकारी दिए ।

## चार महिनामा भित्रियो ३७८ अर्ब रेमिट्यान्स

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको पहिलो चार महिनामा विप्रेषण (रेमिटचान्स) आप्रवाह २०.४ प्रतिशतले बढेको छ । साउनदेखि कात्तिक मसान्तसम्मको अवधिमा तीन खर्ब ७८ अर्ब चार करोड रूपैयाँ रेमिटचान्स भित्रिएको नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उल्लेख छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सात प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा रेमिटचान्स १०.८ प्रतिशतले वृद्धि भई दुई अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.३ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या १०२.५ प्रतिशतले बढेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । संस्थागत तथा व्यक्तिगत नयाँ श्रम स्वीकृति लिनेको संख्या एक लाख ९५ हजार १९६ पुगेको हो ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ४६.४ प्रतिशतले वृद्धि भई ८७ हजार ४२८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २४९.१ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्दै गएकाले रेमिटचान्स आप्रवाहमा उल्लेख्य वृद्धि भएको हो । वैधानिक प्रक्रियाबाट भित्रिने यस्तो रकमले विदेशी मुद्रा सञ्चितिमा ठूलो योगदान पुऱ्याइरहेको छ । रेमिटचान्समार्फत आउने रकम बढेसँगै निरन्तर घटिरहेको मुद्रा सञ्चितिमा सुधार आएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।




# 'काठमाडौंको मौलिकता जोगाउनु महानगरको कर्तव्य'



■ प्रभाव संवाददाता

**काठमाडौं–** सहरी विकासमन्त्री मेटमणि चौधरीले विकासको काम गर्दा आधुनिकतालाई ध्यानमा राखी मौलिकतालाई जोगाउनु काठमाडौं महानगरपालिकाको पहिलो प्राथमिकतामा पर्नुपर्ने बताएका छन् ।

कामपाको २८औं स्थापना दिवस मनाउने क्रममा बिहीबार मन्त्री चौधरीले काठमाडौं मौलिकता र ऐतिहासिक धर्म-संस्कृतिले धनी रहेकाले त्यसको संरक्षण गर्नु महानगरको पहिलो कर्तव्य रहनेमा जोड दिए । उपत्यकामा लामो समयदेखि चुनौती बनेको फोहोर र ढल व्यवस्थापन समस्याको दीर्घ समाधान गर्नुपर्ने भन्दै मन्त्री चौधरीले त्यसका लागि मन्त्रालयको तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा कामपाका प्रमुख बालेन्द्र शाहले संघ सरकार र अन्य स्थानीय तहको सहकार्यमा नागरिकले चाहना गरेअनुसारको काठमाडौं बनाउनेमा आफ्नो निरन्तर प्रयास रहने धारणा राखे । ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले उपत्यकाको समग्र विकासका लागि काठमाडौं र ललितपुर महानगर एकापसमा सहकार्य गरेर अघि बढ्नुको विकल्प नभएको बताए ।

काठमाडौं क्षेत्र नं २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सोबिता गौतमले नागरिकको सफा र सुन्दर काठमाडौंमा बस्ने सपना साकार पार्नका लागि संघ र स्थानीय तहको सहकार्य आवश्यक रहेको औंल्याइन् ।

कामपाले आफ्नो २८औं वार्षिकोत्सव समारोह सप्ताहव्यापी कार्यक्रम गरी मनाएको हो। सोअन्तर्गत एकैदिन ८९ वटा सामुदायिक विद्यालयको सरसफाइ, नदी, विश्व सम्पदा क्षेत्र, खुला स्थानको सरसफाइ, चित्रकला, निबन्ध र वक्तृत्वकला प्रतियोगिताजस्ता कार्यक्रम गरिएको थियो ।

२०५२ मंसिर २९ गते तत्कालीन काठमाडौं नगरलाई महानगर घोषणा गरेपछि हरेक वर्ष मंसिर २९ लाई महानगर दिवसका रूपमा मनाउने गरिएको हो। वि.सं. १९७६ पुस २ गते स्थापना गरिएको सफाइ अड्डाको संस्थागत संरचना विकास हुँदै २०५२ संसिर २९ गते काठमाडौंलाई महानगर घोषणा गरिएको हो ।

## नयाँ सरकारको...

पृष्ठ १ बाट जारी

चुनावबाट कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बिहीबार राष्ट्रपतिलाई बुझाएको निर्वाचन प्रतिवेदनमा २७५ सदस्य भएको संसद्मा प्रत्यक्ष र समानुपातिकबाट गरी कांग्रेसको ८९ जना सांसद छन् । सत्ता गठबन्धनको दोस्रो ठूलो दल नेकपा माओवादी केन्द्रको ३२, नेकपा एकीकृत समाजवादीको १०, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को चार र राष्ट्रिय जनमोर्चाको एक सिट छ । गठबन्धन दलहरूले जितेको कूल सिट संख्या १३६ छ । सरकार गठन गर्न आवश्यक सामान्य बहुमत १३८ सिट हो । यसकारण गठबन्धनको सरकार गठनका लागि दुई सिट नपुग्ने देखिन्छ । तर, डा. चन्द्रकान्त (सिके) राउत र नागरिक उन्मुक्ति पार्टी सत्तारूढ गठबन्धनसँग सहकार्य गर्न तयार देखिएका छन् ।

राउतको दलसँग छ सिट र नागरिक उन्मुक्तिसँग तीन सिट छ । उन्मुक्तिकै समर्थनमा चुनाव जितेका स्वतन्त्र सांसद लालवीर चौधरी पनि छन् । यी दलहरूको समर्थन हुँदा सरकार बन्ने अवस्था छ । यस्तो अवस्थामा देउवा-दाहालबीच प्रधानमन्त्री पदलाई लिएर विवाद भएको हो ।

गठबन्धनकै सरकार बनेको अवस्थामा प्रमुख विपक्षी दल हुने एमालेको ७८ सिट छ । चुनावमा एमालेसँगको गठबन्धनमा रहेका दलहरूमध्ये जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय प्रजातन्त्र पार्टीको १२/१२ सिट छ । यो गठबन्धनको सरकार बन्ने सम्भावना निकै कम छ । त्यसमाथि जसपाका अध्यक्ष उपेन्द्र यादवले एमालेसँगको सहकार्य सकिएको बताइसकेका छन् । यसले गर्दा एमाले गठबन्धनलाई सरकार बनाउन धेरै चुनौती छ ।

नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीको २० सिट छ । पाँच जना स्वतन्त्र सांसद छन् । यी सबै सांसद जोड्दा पनि एमाले गठबन्धनले बहुमत पुऱ्याउन सक्दैन । त्यसैले पनि यो गठबन्धनलाई सत्ता गठबन्धनलाई भन्दै बहुमत जुटाउन कठिन छ । तर, पनि गठबन्धन दलहरूबीच प्रधानमन्त्रीको विषयलाई लिएर मतभेद छ । यदि, प्रधानमन्त्रीमा सहमति भएको अवस्थामा छिट्टै सरकार बन्ने कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बताए । 'हामी गठबन्धनकै सरकार बनाउँछौं । तर, प्रधानमन्त्रीमा कुरा मिलिसकेको छैन । मिलेपछि प्रदेशहरूमा पनि सरकार बनाउँछौं,' डा. महतले भने ।

गठबन्धनमै रहेको दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भने प्याकेजमै सहमति गर्नुपर्ने अडान राख्दै आएका छन् । राज्यशक्तिका महत्त्वपूर्ण पदहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपाध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभामुखदेखि उपसभामुख पदमा प्याकेजमै सहमति गर्दा राम्रो हुने नेपालको धारणा छ ।

## विदेशी मुद्रा...

पृष्ठ १ बाट जारी

कमी आई एक खर्ब ५५ अर्ब पाँच करोड रूपैयाँ कायम भएको छ । गत कात्तिक मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.५ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

समीक्षा अवधिमा शोधनान्तर स्थिति २० अर्ब तीन करोड रूपैयाँले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब ५० अर्ब ३८ करोड रूपैयाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २७ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १४ करोड ९६ लाखले बचतमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

यता चालु खाता भने अझै घाटामा रहेको छ । यद्यपि, चालु खाता घाटाको आकडा घटेर समीक्षा अवधिमा ३५ अर्ब ४० करोड रूपैयाँ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता दुई खर्ब २० अर्ब ९१ करोड रूपैयाँले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ८६ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा २८ करोडले घाटामा रहेको छ ।

### महागी झन् उच्च

चालु आर्थिक वर्षको चौथो महिना अर्थात् कात्तिकमा मुलुकको मूल्यवृद्धि ८.०८ प्रतिशत पुगेको छ । यो वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) हो । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.०४ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.३८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.६३ प्रतिशत रहेको छ । तराईमा सबैभन्दा बढी ८.५२ प्रतिशत बरबरको मूल्यवृद्धि कायम भएको छ । काठमाडौं उपत्यकामा ७.५६ प्रतिशत, पहाडमा ८.०३ प्रतिशत र हिमालमा ६.६८ प्रतिशत मूल्यवृद्धि रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत रेस्टुरेण्ट तथा होटल उपसमूहको मूल्य सूचकांक १५.९७ प्रतिशत, सूर्तीजन्य पदार्थको ११.८१ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको ९.३३ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.१९ प्रतिशत र मदिराजन्य पेयपदार्थको ८.८४ प्रतिशतले बढेको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकांक १७.७१ प्रतिशत, स्वास्थ्यको ११.२२ प्रतिशत, मनोरञ्जन तथा संस्कृतिको ८.७६ प्रतिशत, घरायसी उपयोगका वस्तुको ८.४९ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको ८.३३ प्रतिशतले बढेको तथ्यांक छ ।


र.नं. १२५६/०६४/०६५

**हाम्रो मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि.**
**HAMRO MELMILAP SAVING & CREDIT COOPERATIV LTD.**
कागेश्वरी मनोहरा-९ ,काठमाण्डौ
फोन नं. ०१-४९९१०८७, ०१-४९९२८४४

यस संस्थाको मिति २०७९/०८/०९ गते बसेको संचालक समितिको २२८ औं बैठकको निर्णय अनुसार यस संस्थाको पन्धौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्ने गरि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम तालिका**
**मिति:** २०७९/०९/२३ गते शनिबार
**समय:** बिहान ११:०० बजे
**स्थान:** शुभश्री ब्याङक्वेट, काँडाघारी, कागेश्वरी मनोहरा-९, काठमाडौं

**छलफलका विषयहरु:**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७८/०७९ को लेखापरिक्षणको प्रतिवेदन सहित वासलात, नाफा–नोक्सान हिसाब लगायत वित्तिय विवरणहरुमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. लेखा समिति तथा कोषाध्यक्षको प्रतिवेदन सहित आ.ब. २०७९/०८० को लागी प्रस्तावित वजेट पेश तथा पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७८/०७९ मा संचालक समितिबाट गरिएका कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
५. संस्थाको आन्तरिक नीति तथा कार्यविधि पारीत एवं संसोधन सम्बन्धमा ।
६. आ.व. २०७९/०८० को लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७. अन्य सहकारी संस्थाहरुसंग गाभ्ने गाभिने सम्बन्धमा ।
८. संस्थाको कार्य क्षेत्र विस्तार सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न शेयर सदस्य तथा संचालक समितिको तर्फबाट प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१०. आ.ब. २०७८/०७९ को नगद लाभांश अनुमोदन तथा संरक्षित पुंजिफिर्ता कोषको रकम फिर्ता गर्ने सम्बन्धमा ।
११. संस्थाको नाममा घर जग्गा खरिद गर्ने संवन्धमा ।
१२. विविध सम्बन्धमा ।

**संचालक समितिको आज्ञाले**
**(विश्वनाथ खनाल)**
**सचिव**



बारेकोट गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**ढुङ्गा, गिट्टी, बालुवा, मिक्स गिट्टीको स्थानीय तह निकासी शुल्क सङ्कलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउ पत्र आव्हान**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/०१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) तथा दफा ६२ को (क) (१) बमोजिम बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट स्थानीय तह निकासी सङ्कलन गर्न कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०७८ को अनुसूची ४ बमोजिमको दररेटमा यस गाउँ कार्यपालिकाको मिति २०७९/०८/१८ गते बसेको कार्यपालिका बैठकको निर्णय बमोजिम तपसिलको दररेटमा बढाबढमा विभिन्न स्थानका खोला, नदी, नालाहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट सङ्कलन र विक्री सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने निर्णय भएको हुँदा इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरूले तोकिएको अवधिभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सूचना/ठेक्का नं. | ठेक्काको किसिम | आइई प्रतिवेदनका आधारमा उत्खन्नन् गरिने नाकाहरू | उत्खन्नन परिमाण (घन.मि.) | न्यूनतम ठेक्का रकम रु. (सेवा शुल्क र मु.अ.क. बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०७९/०८०/०१ | नदीजन्य पदार्थहरू (ढुङ्गा, गिट्टी, बालुवा, मिक्सगिट्टी र माटो/भरौट) | १. बारेकोट गाउँपालिका वडा नं.५ बालुवादेखि बारेकोट गाउँपालिका वडा नं.८ को नरसिङ्गाडसम्मको क्षेत्र<br>२. बारेकोट ५ काउली दोमिल्लादेखि वडा नं.७ को राता ढुङ्गासम्मको क्षेत्र | रु.९,४३९.३०।- | रु.१०,००,०००।- | कबुल अंकको ५ प्रतिशत | रु.१०००।- | सिलबन्दी दरभाउपत्र खुलेको १५ औं दिनको कार्यालय समयभित्र |

**ठेक्का सम्वन्धी शर्तहरू** : बारेकोट गाउँपालिकाको सूचना पाटी र गा.पा.को website www.barekotmun.gov.np मा उपलब्ध छ ।

**मोहन प्रकाश गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**



**जदहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
प्रदेश नं.१, मोरङ, नेपाल

**जदहा गाउँपालिकाद्वारा जनहितमा जानकारीमूलक सन्देश**

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

स्वास्थ्य मन्त्रालयको आग्रह

# 'चिसोमा सतर्कता अपनाऔं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यकासहित मुलुकभर चिसो बढेसँगै सतर्कता अपनाउन आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले जाडो महिनामा केही रोगको प्रकोप बढ्ने भएकोले सतर्कता अपनाउन आग्रह गरेका हुन् ।

केही दिनदेखि चिसो बढ्दै गएपछि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिका र गर्भवती महिला विशेष सावधान अपनाउन उनले आग्रह गरेका छन् । तथ्यांकअनुसार बिहीबर विहान काठमाडौं उपत्यकाको तापक्रम ७.६ डिग्रीमा झरेको छ ।

चिसोबाट बच्न न्यायो लुगा लगाउन, टाउको र छातीलाई चिसोबाट जोगाउन र रातको समयमा सिरक कम्बलजस्ता न्यायो कपडा ओढ्न मन्त्रालयले आग्रह गरेको छ ।

जाडो बढेसँगै तराईका कतिपय जिल्लामा हुस्सुसमेत लाग्न थालेको छ । यस्तै घरबाहिर खुला स्थानमा धेरै समय नबस्न, तातो खानेकुरा तातोपानी पिउनसमेत आग्रह गरिएको छ । हिटर वा आगो ताप्दा गिजर प्रयोग गर्दा कोठामा राम्रोसँग हावा आवतजावतको व्यवस्था गर्नुपर्ने मन्त्रालयले जनाएको छ । 'हावा आउजाउको व्यवस्था नहुँदा कतिपय अवस्थामा निसास्सिएर दुर्घटना हुनुपर्ने जस्ता घटना अवस्था आउने गरेको पाइन्छ,' उनले भने, 'त्यसैले हिटर गिजर प्रयोग गर्दा हावा आवतजावत हुने ठाउँ रहेको हुनुपर्दछ ।'

चिसोले गर्दा मुटुरोग, हृदयघात, फोक्सोमा समस्या श्वासप्रश्वास, बालबालिका तथा ज्येष्ठ नागरिकमा निमोनिया, रुघाखोकी, ज्वरोजस्ता रोगका समस्या देखिन सक्दछ ।

त्यसैगरी दूषित खाना र पानीबाट अधिकांश रोग सर्ने भएकोले खानेकुरामा ध्यान दिनसमेत मन्त्रालयको आग्रह छ । खानेकुरा र खानेपानी सफा भाँडामा ढाकेर राख्न, खाना बनाउनुअघि र खानुअघि साबुन पानीले राम्रोसँग हात पनि मन्त्रालयले आग्रह गरेको छ ।

# जाडोले जनजीवन प्रभावित

**जलेश्वर–** महोत्तरीलगायत तराईका जिल्लामा जाडो बढेपछि जनजीवन प्रभावित भएको छ । विगत चार/पाँच दिनदेखि लगातारको शीतलहर, चिसो कठ्यांग्रिदो हावा, हुस्सु र बाक्लो कुहिरोका महोत्तर जनजीवनका साथै पशुपक्षी तथा बालीनालीसमेत प्रभावित भएका छन् ।

चिसोकै कारण अहिले जिल्ला सदरमुकाम जलेश्वरसहित जिल्लाको सहरी तथा ग्रामीण भेगमा मानिसको चहलपहलमा कमी आएको छ । जाडो बढेसँगै बजारमा न्यायो कपडाको बिक्री पनि बढेको छ भने हाटबजारमा मानिसको उपस्थिति कम हुन थालेको छ ।

चिसोको कारण बालबालिका, वृद्धवृद्धा र सुत्केरी महिलामा रुखाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्नेलगायतका समस्या देखिएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख डा. सतिशकुमार साहले बताए । दशक नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीको ग्रामीण क्षेत्रमा जाडोबाट बच्नका लागि स्थानीयले आगो बालेर ताप्न थालेका छन् ।

जाडोकै कारण ग्रामीण भेगमा पशुपन्छी तथा दलहन, तेलहन र तरकारी बालीमा असर परेको जलेश्वर नगरपालिका–८ का किसान आशनारायण मण्डलले बताए । *रासस*


## बन्दीपुर केवल कार एंड टुरिजम लिमिटेड
काठमाडौं महानगरपालिका–१४, काठमाडौं, बागमती

**विशेष साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/१७**

श्री शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९।०८।१५ मा बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थान:**
मिति : २०७९ साल पुष महिना ०७ गते बिहीबार (डिसेम्बर २२, २०२२)
समय : दिउसो ०२ बजे देखि
स्थान : काठमाडौं जि. काठमाडौं म. न. पा. वडा नं. १४ स्थित कम्पनीको कर्पोरेट कार्यालयको सभाकक्ष

२. **छलफलका विषय सूचीहरू:**
(क) विशेष प्रस्तावहरू:
१. कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र (ख) संसोधन गरी कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार शेयर सम्बन्धी व्यवस्था संशोधन गर्ने बारे ।
३. डिवेञ्चर जारी गर्ने सम्बन्धमा ।
(ख) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



## रिलायान्स फाईनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/०९/०१)

गोरखा जिल्ला उहिया गा.बि.स वडा नं. २ बस्ने श्री सबिर गुरुङ्गको नातीनी श्री नै सिङ्ग गुरुङ्गको छोरी श्री पितमाया गुरुङ्गको मिति २०७९/०५/०३ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११७००००१९५७२ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतकका दिदि श्री विषमाया गुरुङ्गले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: 01-5361104, 5323117 , 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPYFORCE (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०७/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९ LT. No. 272602 चलानी नं. ६०१८९७५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLD FOREST CAFE
पूर्व स्वीकृति मिति २०७९/०४/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९ LT. No. 268279 चलानी नं. ६०१८४३९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Sector | 2 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


GREATER VISION OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: +977-1-4480285, Fax: +977-1-4469772



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MASAR AL ARABIA GEN.CON.EST. CO.
पूर्व स्वीकृति मिति: २०७९/०८/२९ LT. No. 277835 चलानी नं. ६०१९३४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAQR AL KHALEEJ INDUSTRY COMPANY IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति: २०७९/०८/२९ LT. No. 277836 चलानी नं. ६०१९३४६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole vehicle Driver | 3 | 0 | 1800 | ६३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDAHPURA THIRD JUNCTION CAFE
पूर्व स्वीकृति मिति २०७९/०८/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९ LT. No. 276552 चलानी नं. ६०१९२४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 15 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066
DREAMLAND MANAGEMENT PVT.LTD.
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOKURA SDN BHD
पूर्व स्वीकृति मिति:२०७९/०८/२९ LT. No. 277814 चलानी नं. ६०१९३४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ATOM CORPORATION SDN. BHD.
पूर्व स्वीकृति मिति:२०७९/०८/२९ LT. No. 277813 चलानी नं. ६०१९३४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


आशिर्वाद ओभरसिज प्रा. लि.
Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADAEN INTERNATIONAL PROJECTS AND CONTRACTING
पूर्व स्वीकृति मिति २०७८/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९ LT. No. 250935 चलानी नं. ६०१९८५१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1400 | ५०,७८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electric Tech | 2 | 0 | 1100 | ३९,९०० | | | | | | | |
| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९
**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRIGHT WAY HOLDINGS SDN BHD.

पूर्व स्वीकृति मिति : २०७९/०३/२३    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No. :266765    चलानी नं. ६०१८३४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker-manufacturing | 15 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EVYAP SABUN MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०५/१६    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No. :270864    चलानी नं. ६०१८६६२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SOUTHERN STEEL MESH SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०७/१७    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No. 274752    चलानी नं. ६०१९०४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**    Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADAD AL AREEN CAR WASH

पुर्व स्वीकृति मिति २०७९/०८/०२    पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९    LT No.275932    चलानी नं. ६०१९१५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 4 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५
**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पुर्व स्वीकृति मिति २०७९/०४/०८    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No. 267774    चलानी नं. ६०१८३६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 6 | 0 | 155 | ६६,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 5 | 0 | 135 | ५८,०६५ | | | | | | | |
| 3 | Helper | 20 | 2 | 105 | ४५,१६० | | | | | | | |
| 4 | Hostess | 0 | 5 | 135 | ५८,०६५ | | | | | | | |
| 5 | Waiter | 5 | 3 | 130 | ५५,९१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Lions International Nepal Pvt. Ltd.**    Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4444333/4444642/4412587
Email ID: lions.manpower@gmail.com, lions@mail.com

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SA YADAV WHITE CLEANING SRL

पूर्व स्वीकृति मिति : २०७९/०५/२६    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No.268224    चलानी नं. ६०१८७४६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 92 | 18 | 550 | ७२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: ७०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**    Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DATE OIL MANUFACTURING PLANT

पूर्व स्वीकृति मिति २०७९/०८/०६    पुन विज्ञापन स्वीकृति मिति : २०७९/०८/२९    LT. No. 277155    चलानी नं. ६०१९१७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gandaki Gurkhas Pvt. Ltd.**    श्रम ईजाजत नं. ६३०/०६३/०६४
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JUZUR CANARY RESTAURANT CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०७८/०७/०९    पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२९    LT No.249384    चलानी नं. ६०१६६२९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 0 | 10 | 90 | ३८,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५
**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAIDAN AL-SHARQIYAH SERVICES CO LLC.

पूर्व स्वीकृति मिति २०७९/०८/२९    LT. No.277824    चलानी नं. : ६०१९३३६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OMR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 7 | 120 | ४१,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 18 | 0 | 100 | ३४,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष ८ गते (23rd Dec. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले    **सेवा शुल्क**:नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd)    श्रम ईजाजत नं. १५५२/०७९/०८०
Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com

# प्रभाव दैनिक


रूपशाला

## ‘छड्के-२’ को छायांकन सकियो

फिल्म ‘छड्के २’ को छायांकन सकिएको छ । फिल्मको बुधबार इन्डक्ल्याप भएको निर्माता देवकुमार श्रेष्ठले सामाजिक सञ्जालमार्फत जानकारी गराएका छन् । फागुन १९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा अनमोल केसी मुख्य भूमिकामा छन् । फिल्ममा अनमोल ग्याङ्स्टारको भूमिकामा देखिँदैछन् । फिल्मको केही अगाडि सार्वजनिक पोष्टरमा अनमोल एंग्री अवतारमा देखिएका थिए । पोष्टरमा अनमोलको लुक्स लामो कपाल, शरीरभरी अनौठो किसिमको ट्याटु, मुखमा चुरोट र अनुहार रगतले पोतिएको देख्न सकिन्थ्यो ।







# माओवादी अध्यक्ष दाहालसँग विवेक ओवरायको भेट

■ प्रभाव संवाददाता

**काठमाडौं–** बलिउड अभिनेता विवेक ओबरोय र उनका पिता सुरेश ओबरोयले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई भेट गरेका छन् । उनीहरू बिहीबार साँझ दाहाललाई भेट्न उनको निवास खुमलटार पुगेका हुन् ।

बलिउडका चर्चित कलाकारहरू परिवारसहित बुधबार साँझ नेपाल भ्रमणमा आइपुगेका हुन् । उनी नै उनीहरू चन्द्रागिरिको दर्शनका लागि पुगेका थिए । त्यसअघि भारतीय कलाकार विवेक ओवरायले पशुपतिनाथ मन्दिरमा पञ्चामृत अभिषेकसहित विशेष पूजा गरेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।

कलाकार ओवरायले रु दुई हजार एक सयको रसिद काटी पञ्चामृत अभिषेकसहित विशेष पूजा गरेको कोषका संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले जनाए । विवेकका पिता सुरेश ओवराय पनि नेपाल भ्रमणका बेला पशुपतिनाथमा दर्शन एवं पूजा आराधनाका लागि आउने गरेको जनाइएको छ ।

बलिउड नायक ओवराय परिवारसहित घुम्न बुधबार नेपाल आएका हुन् । धेरै भारतीय कलाकारले नेपाल भ्रमणका बेला पशुपतिनाथमा दर्शन एवं पूजा गर्ने गरेको पनि कोषले जनाएको छ । यसले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा पनि योगदान गरिरहेको छ । पशुपतिनाथलाई विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीले आस्थाको केन्द्रका रूपमा मान्ने गरेका छन् । विश्वका जुनसुकै कुनामा रहेका हिन्दू पनि जीवनकालमा एकपटक पशुपतिनाथको दर्शन गर्न चाहन्छन् ।

यसैबीच कोषले पशुपतिनाथमा धनुर्मास पूजाको तयारी गरेको छ । पुस ४ गते सोमबार राति पशुपतिनाथ मन्दिरमा धनुर्मास पूजा गरिने पनि महाशाखा प्रमुख पराजुलीले जानकारी दिए । खिचडीको भोग पनि पशुपतिनाथमा पुस ४ गते राति नै लगाइने छ ।

पुस ५ गते बिहान १० बजेसम्म यो पूजा चल्ने छ । धनुर्मास पूजा सकिएपछि भने बिहान १० बजेदेखि नै मन्दिर बन्द गरिने पनि कोषले जनाएको छ । पशुपतिनाथमा प्रत्येक वर्ष पुस महिनामा धनुर्मास पूजा गर्ने प्राचीनकालदेखिको परम्परा छ ।

# प्रसाद-२ को छायांकन सुरु

**काठमाडौं (प्रस)–** फिल्म ‘प्रसाद २’ को छायाङ्कन बिहीबारदेखि सुरु भएको छ । माछापुच्छे गाउँपालिकामा फिल्मको मुहुर्त गर्दै छायाङ्कन सुरू गरिएको प्रस्तुतकर्ता सुवास थापाले जानकारी दिए ।

‘डेढ महिनाको सेड्युल तय गरेर छायाङ्कन सुरू गरेका हौं । फिल्मलाई ग्रामीण कथामा निर्माण गर्दैछौं भने हिमाली सुन्दरता समेत





कैद गर्दैछौं’, प्रस्तुतकर्ता थापाले भने । फिल्ममा मुहुर्तको दृश्य मुख्य कलाकार विपिन कार्की र केकी अधिकारीले दिइन् । उनीहरू दुई फिल्ममा श्रीमान् तथा श्रीमतीको भूमिकामा छन् ।

एस.जी. फिल्म्स र सुलभ थापा प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई सुदर्शन बस्नेतले निर्माण गर्दैछन् । निर्देशक थापाको निर्देशनमा तयार हुने फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डेलगायतका कलाकारको अभिनय रहनेछ ।

यसमा राजेश श्रेष्ठको छायाङ्कन, उत्तम न्यौपानेको ध्वनि, राजनराज सिवाकोटीको सङ्गीत रहनेछ । फिल्मलाई पत्रकार सुशील पौडेलले लेखेका हुन् । ‘प्रसाद’ हिट भएपछि यसको सिक्वेलका रूपमा ‘प्रसाद २’ को निर्माण हुन लागेको हो । लेखक पौडेलले फिल्मको कथा अभिनेता कार्की र अभिनेत्री अधिकारीमा केन्द्रीत रहने बताए । ‘दुईको प्रेम र त्यसले निम्त्याउने संघर्षलाई फिल्ममा देखाइनेछ’, लेखक पौडेलले भने ।

# उषा शेरचनलाई भूपि काव्य पुरस्कार



■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको भूपि काव्य पुरस्कार साहित्यकार उषा शेरचनलाई प्रदान गरिने भएको छ । कवि भूपि शेरचनको स्मृतिमा उनको परिवारबाट स्थापित र थकाली सेवा समिति पोखराद्वारा सञ्चालित यो पुरस्कारको राशि नगद ५० हजार, दोसल्ला र सम्मानपत्र छ ।

पुरस्कार छनोट समितिको सोमबार बसेको बैठकले यस वर्षको पुरस्कार शेरचनलाई प्रदान गर्ने निर्णय गरेको समिति संयोजक अशोककुमार भट्टचनले जानकारी दिए । १० पुसमा ८९औं भूपि जयन्तीको अवसरमा पोखरामा हुने कार्यक्रममा उषालाई उक्त पुरस्कार प्रदान गरिनेछ ।

पुरस्कार छनोट समितिमा साहित्यकार सरुभक्त श्रेष्ठ, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, थकाली सेवा समिति अध्यक्ष इन्जिनियर रुजिन्द्र तुलाचन र कार्यसमिति सदस्य ज्योति शेरचन थिए । हरेक दुई वर्षमा दिइँदै आएको यो पुरस्कारबाट यसअघि साहित्यकार सरस्वती प्रतीक्षा, मोमिला, रत्नशमशेर थापा र तीर्थ श्रेष्ठ पुरस्कृत भइसकेका छन् ।

१० पुस १९९२ मा मुस्ताङमा जन्मिएका भूपिका ‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कवितासंग्रह (२०२५), परिर्वतन नाटक (२०१०), नयाँ झ्याउरे कविता (२०१०) र निर्झर कविता (२०१५) प्रकाशित छन् । उषाका नजन्मेका आस्थाहरू कविता संग्रह (२०४८), अक्षरहरूका शिविरबाट मुक्तक संग्रह (२०५६), सर्वकालीन पीडा र जागृतिका शंखघोष कविता संग्रह २०६३, तेस्रो रंग कथा संग्रह (२०७०), आँधी उपन्यास (२०७६) लगायत दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।

उनी यसअघि व्यथित काव्य पुरस्कार २०४३, व्यथित काव्य वनिता पुरस्कार (२०६९), योगेश्वर कला सहित्य पुरस्कार (२०७०), नातिकाजी संगीत पुरस्कार (२०७२), बासु शशि स्मृति वानीरा पुरस्कार (२०७८), पारिजात राष्ट्रिय प्रतिभा पुरस्कार (२०५७) बाट पुरस्कृत भइसकेकी छन् । उनले रत्नश्री सुवर्ण पदक २०४०, कविता महोत्सव पदक (२०४५), वीरेन्द्र ऐश्वर्य सेवा पदक (२०५८), विश्वनारी नेपाली साहित्य पदक (२०७१), भानुभक्त स्वर्ण पदक (२०७१) र सत्यमोहन जोशी शताब्दी पदक (२०७३) पाइसकेकी छन् ।

## रंगशाला

### विश्वकप फुटबल प्रतियोगिता:

# उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने





■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वकप फुटबल प्रतियोगिताको उपाधिका लागि अर्जेन्टिना र फ्रान्स भिड्ने भएका छन् । गए राति भएको सेमिफाइनलमा मोरक्कोलाई पराजित गरेपछि फ्रान्सले अर्जेन्टिनासँग उपाधि भिडन्त पक्का गरेको हो ।

कतारको दोहास्थित अल बायत रङ्गशालामा भएको दोस्रो सेमिफाइनल खेलमा फ्रान्सले मोरक्कोलाई २-० गोलअन्तरले हराएको हो । फ्रान्सले खेलको पहिलो हाफमा एक गोल गर्यो भने दोस्रो हाफमा थप एक गोल गर्दै फाइनलका लागि स्थान सुरक्षित गरेको हो ।

फ्रान्सका लागि थिओ हर्नान्डेज र रान्दल कोलो मुवानीले गोल गरेका थिए । हर्नान्डेजले खेलको पाँचौं मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाएका थिए । उनले पेनाल्टी क्षेत्रभित्र रिबाउन्डबाट आएको बलको सदुपयोग गर्दै गोल गरेका थिए । त्यस्तै खेलको ७९औं मिनेटमा सब्सिच्युड खेलाडीको रूपमा मैदान प्रवेश गरेका मुवानीले गोल गर्दै फ्रान्सलाई २-० को जित दिलाए । उनले बेन्चबाट मैदान छिरेको एक मिनेट नबित्दै गोल गरेका थिए । उनी ओसुमाने डेम्बेलेको स्थानमा मैदान प्रवेश गरेका थिए ।

यसअघि फ्रान्स क्वाटरफाइनलमा इङ्गल्यान्डलाई २-१ गोलले हराउँदै सेमिफाइनल प्रवेश गरेको थियो । त्यस्तै पहिलोपटक सेमिफाइनलमा पुगेको अफ्रिकी राष्ट्र मोरक्कोले क्वाटरफाइनलमा पोर्चुगललाई १-० गोलले हराएको थियो । यसअघि अर्जेन्टिनाले सेमिफाइनलमा क्रोएसियालाई ३-० गोलअन्तरले हराएर फाइनल यात्रा तय गरेको हो । फाइनल खेल आइतबार हुनेछ ।

## साफ यू-२० को तालिका सार्वजनिक

**काठमाडौं (प्रस)–** बंगलादेशमा आयोजना हुने साफ यू-२० महिला च्याम्पियनसिपको खेल तालिका सार्वजनिक भएको छ ।

दक्षिण एसियाली फुटबल फेडेरेसनले बिहीबार साफ यू-२० महिला च्याम्पियनसिपको खेल तालिका सार्वजनिक गरेको हो । ढाकामा आयोजना हुने च्याम्पियनसिप २०२३ को फेब्रुअरी ३ देखि ९ सम्म आयोजना हुनेछ । प्रतियोगितामा नेपाल, आयोजक बंगलादेश, भारत र भुटानको सहभागिता रहेको छ ।

# मुख्य प्रशिक्षक प्रभाकरले दिए राजीनामा

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक मनोज प्रभाकरले राजीनामा दिएका छन् । नेपाल क्रिकेट संघ (क्यान) ले बिहीबार मुख्य प्रशिक्षक प्रभाकरले राजीनामा दिएको जनाएको छ । भारतीय प्रशिक्षक प्रभाकरले बिहीबारबाटै लागु हुनेगरी राजीनामा दिएको क्यानले जनाएको छ ।

प्रभाकरको राजीनामा क्यानले स्वीकृत समेत गरेको जनाएको छ । राजीनामा दिनु अघि नै प्रभाकर भारत फर्किसकेका छन् । तत्कालिन मुख्य प्रशिक्षक पुबुदु दासानायकेले राजीनामा दिएपछि गत साउनमा क्यानले प्रभाकरलाई नियुक्त गरेको हो ।

क्यानले प्रभाकरसँग एक वर्षको सम्झौता गरिएको थियो । तर, सम्झौता अघि नै प्रभाकरले पद छाडेका हुन् ।

प्रभाकरको नेतृत्वमा नेपालले पछिल्लो समय खराब प्रदर्शनलाई निरन्तरता दिएको थियो । यस्तै पछिल्लो समय प्रभाकर र राष्ट्रिय टिमका खेलाडीको सम्बन्धमा समेत दरार आएको थियो । जसको कारण प्रभाकरको राजीनामा आएको हो ।


**Shivapuri Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sherabagar, Nuwakot**
**Bagamati Province, Nepal**

**Invitation for Bids for the Procurement of Medicine and Surgical Items**

**(Date of first publication: 2079/08/01 B.S.)**
**(Date of second publication: 2079/09/01 B.S.)**

1. *Shivapuri Rural Municipality*, *Office Of the Rural Municipal Executive, Sherabagar Nuwakot* invites sealed bids from eligible bidders for the procurements of goods as per table below under Sealed Quotation (SQ) procedures. Only eligible bidders should participate in this bidding.

| Contract Identification Number | Description of work | Last Date of bid Submission | Bid Opening Date | Bid security (NRs) | Bid Validity Period | Bid document price (NRs) |
|---|---|---|---|---|---|---|
| SRM/SQ/GOODS/079-080/01 | Procurement of Medicine and Surgical Items | before 12:00AM on 1st Jan.2023 | 13:00PM of 1st Jan.2023 | 53,000.00 | 75 days | 1000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural Municipal Executive, Shivapuri Rural Municipality, Nuwakot or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १००३०० | प्रति तोला - ९९८०० | प्रति तोला - १३८० |



**काउली खेती** | पाल्पाको रामपुर नगरपालिका-७ स्थित बहखोलामा मेगराज न्यौपाने र तुलसी न्यौपानेले लगाएको व्यावसायिक काउली खेती ।

*तस्बिर: सुशीला रेग्मी/रासस*

# दोहोरो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेयर बजार बिहीबार ओरालो लागेको छ । सेयर कारोबार मापक नेप्से परिसूचक १४.४८ अंकले ओरालो लागि १८८२.६० विन्दुमा आएर रोकिएको छ ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.१५ अंक घटेर ३६८.०४ मा पुगेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्सेमा कूल २१० कम्पनीको कारोबार हुँदा २८ कम्पनीमा वृद्धि भएको र १६७ कम्पनीमा ओरालो लागेसँगै १५ कम्पनी स्थिर रहेको छ ।

यस्तै, कुल २५४ कम्पनीको कारोबारमा ४८ लाख चार हजार ८७६ कित्ता सेयर खरिद बिक्री हुँदा एक अर्ब १९ करोड २६ लाख रूपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ ।

कारोबारको आधारमा एनसीसी बैंक शीर्ष स्थानमा छ । यसको २२ करोड ८९ लाखभन्दा बढीको कारोबार भएको छ। त्यस्तै दोस्रोमा शिवम् सिमेन्ट बैंक र तेस्रोमा सिवाइसियलको कारोबार भएको छ । यता, रुरु जलविद्युत् परियोजना र इस्टर्न हाइड्रोपावरको सेयर मूल्य १० प्रतिशत बढेको छ। सबै उपसूचकहरू रातास्मै भएको छ ।

# 'सहकारीका माध्यमबाट रोजगारी सिर्जना'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले भूमिको समुचित उपयोग गरेर सहकारीका माध्यमबाट रोजगारी सृजना गरी विदेश भौँतारिनुपर्ने अवस्थाको अन्त्य गरिने बताएकी छन् ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले आयोजना गरेको प्रगति समीक्षा तथा सहकारी सुशासनको पहिलो अङ्क विमोचन समारोहलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले स्वदेशमै पाखुरी बजारेर रोजगारी गर्न पाउने व्यवस्था गरेपछि विदेशबाट दैनिकरूपमा शव आउने क्रम पनि रोकिने बताइन् ।

इजरायलको मरुभूमिमा समेत कृषि उत्पादन भइरहेकाले हावापानी नै उर्वर रहेको नेपालमा सहकारीका माध्यमबाट रोजगारी सृजना गर्न सकिने मन्त्री श्रेष्ठको भनाइ थियो । 'कुनै पनि सहकारी समस्याग्रस्त हुने अवस्था नै नआओस् भनेर पनि यो समितिले अझ धेरै काम गर्नुपर्ने अवस्था छ, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्ने अवस्था नै आउन नदिनेतर्फ समितिले कार्यक्रम



गरिरहेको छ, प्रतिकूल अवस्थाका बावजुद समितिले गरेको काम सराहनीय छ, सहकारीलाई तिनको मूल्य, मान्यता र सिद्धान्तअनुसार अघि बढाउनका लागि जागरण फैल्याउन पनि समितिका काम फलदायी छ', उनले भनिन् ।

हाल देशभर ३२ हजार सहकारी रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले केही सहकारीमा मात्र समस्या आएको सुनाइन्। समस्या आएका सहकारीका बचतकर्तालाई पनि पैसा फिर्ता गर्न समितिले काम गरिरहेको उनले बताइन्। नेपालमै पनि राम्रा सहकारी रहेकाले यसको मूल्य मान्यताअनुसार नै सहकारीलाई रोजगारी, उत्पादन वृद्धिजस्ता काममा उपयोग गर्नुपर्नेमा उनको जोड थियो ।

मन्त्रालयअन्तर्गतका कानूनलाई एकीकृतरूपमा सुधारका लागि संविधानविद् एवं समितिका अध्यक्ष काशीराज दाहालको अध्यक्षतामा समिति गठन गरिएको जानकारी मन्त्री श्रेष्ठले सो अवसरमा गराइन्। समितिले एक महिनाभित्रमा मन्त्रालयअन्तर्गतका सबै कानून संशोधनको मस्यौदा तयार पार्ने विश्वास पनि उनले व्यक्त गरिन्।

मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले तीन खम्बे अर्थ नीतिको एक प्रमुख खम्बाका रूपमा रहेको सहकारी अभियानलाई उत्पादकत्वका माध्यमबाट रोजगारी सृजनामा लगाउन सहकारीको योगदान रहेको बताए । थोरै सहकारीले गल्ती गर्दा दोष सबैले पाएकाले थोरैका पनि समस्या समाधानका लागि समिति गठन गरिएको उनले जानकारी दिए।

सहकारीमा भइरहेका असल अभ्यासलाई बाहिर ल्याउँदै सहकारी संस्कृतिको विकास गरिनुपर्नेमा जोड दिँदै सचिव रेग्मीले संस्थागत संरचना धेरै बनाउँदैमा काम नहुने बताए । कुन निकायले के काम गर्ने भन्ने निश्चित गरेर सहकारी क्षेत्रमा आएका समस्या समाधानका लागि ठोस काम गरिने प्रतिबद्धता उनको थियो ।

समितिका अध्यक्ष काशीराज दाहालले गरिबी निवारणका लागि सहकारीलाई माध्यम बनाउनुपर्नेमा जोड दिँदै लोकतान्त्रिक प्रणालीमा पारदर्शिताका लागि वार्षिक प्रगति र बुलेटिन सार्वजनिक गरिएको जानकारी दिए । बचतकर्ताको सहमतिमा स्ट्याण्डर्ड मल्टिपर्पोज कोअपरेटिभ लिमिटेडको समस्या समाधान भएको उनको भनाइ थियो । बाँकी ११ समस्याग्रस्त सहकारी संस्थाका बचतकर्तालाई पनि पैसा फिर्ता दिन विभिन्न काम भइरहेको अध्यक्ष दाहालले सुनाए ।

समितिको सदस्य सचिवसमेत रहेका कार्यालय प्रमुख केशवप्रसाद पौडेलले सहकारीलाई समस्याग्रस्त हुनै नदिन सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले सातै प्रदेशमा ७७ वटै जिल्लाका स्थानीय तहलाई समेटेर कार्यक्रम भइरहेको जानकारी दिए । यस्ता कार्यक्रम सहकारीमा सुशासन प्रवर्द्धनका लागि उपयोगी हुने विश्वास गरिएको उनको भनाइ छ ।

## कर्पोरेट

### समृद्धि-एटुजेड अनलाइनबीच सम्झौता




**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्स र ए टु जेड अनलाइन बजारबीच सम्झौता भएको छ। यो सम्झौता पछि समृद्धि फाइनान्सका ग्राहकहरूलाइ ए टु जेड अनलाइन बजारबाट लेक्ट्रो ब्रान्डको इ-साइकल खरीद गर्दा सबै मोडेलमा फ्लाट रू १५००० सम्म छुट दिने भएको छ । सो सम्झौता पत्रमा समृद्धि फाइनान्सका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत गोकर्ण दुवाडी र ए टु जेड अनलाइन बजारका प्रमुख कार्यकारी अधिकृत बिकाश भण्डारीले हस्ताक्षर गरेका हुन् ।

समृद्धि फाइनान्सका ग्राहकले डेबिट कार्ड, मोबाइल बैंकिंग, र क्युआर कोर्ड मार्फत लेक्ट्रो ब्रान्डको इ-साइकल खरीद गर्दा सबै मोडेलमा फ्लाट रू १५००० छुट हुने यस संस्थाका व्यवसाय प्रवर्द्धन अधिकृत सुरज कुमार सर्राफले जनाएका छन् ।

### प्राइम बैंक सञ्चालकमा प्रा.डा. चित्रकार नियुक्त




**काठमाडौं (प्रस)–** प्राइम कमर्सियल बैंकको सञ्चालक समितिमा प्रा.डा. तारा चित्रकार नियुक्त भएकी छिन् । सञ्चालक समितिको बिहीबार बसेको बैठकले चित्रकारलाई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम स्वतन्त्र सञ्चालक पदमा नियुक्ति गर्ने निर्णय गरेको छ ।

नेपाल विद्याभूषण 'क' बाट विभूषित, व्यवस्थापन विषय अन्तर्गत उत्पादनमूलक प्रतिष्ठानको सन्दर्भमा नेपालमा निजीकरणको समीक्षा विषयमा विद्यावारिधि गरेकी निज प्रा.डा. चित्रकार त्रिभुवन विश्वविद्यालय अन्तर्गत पब्लिक युथ क्याम्पसमा लामो समयदेखि व्यवस्थापन संकायमा रही बैंक तथा वित्तीय क्षेत्र, स्टक बजार, लेखा, विषयमा प्राध्यापन गरी रहेकी थिइन्। उनका विभिन्न शोधमूलक लेख रचना प्रकाशित छन् भने सामाजिक क्षेत्रमा समेत सकिय छन् ।

### शिवम् सिमेन्ट्सको लाभांश घोषणा

**काठमाडौं (प्रस)–** शिवम् सिमेन्ट्सले लगानीकर्तालाई आर्थिक बर्ष ०७८/०७९ को नाफाबाट लाभांश दिने घोषणा गरेको छ । कम्पनीको बुधबार बसेको सञ्चालक समिति १०८औं बैठकले सेयरधनीहरूलाई लाभांश दिने निर्णय गरेको हो । कम्पनीको पुस २९ गते साधारणसभा हुने भएकोले सोही दिन प्रस्तावित लाभांश सभाबाट अनुमोदन भएपछि वितरण हुनेछ ।




चुक्ता पूँजी चार अर्ब चालिस करोडको करसहित १०.५३ प्रतिशतको दरले नगद लाभांश दिने घोषणा गरेको हो ।

साथै, कम्पनीको पुस १९ गतेसम्म कायम सेयरधनीले लाभांश सुरक्षित गर्न सक्नेछन् भने कम्पनीले पुस २० गते सभा तथा लाभांश प्रयोजनका लागि बुक क्लोज गर्दैछ ।

### नाफिज अध्यक्षमा पुनः ढकाल

**काठमाडौं (प्रस)–** नेपाल आर्थिक पत्रकार संघ (नाफिज)मा मोदनाथ ढकालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । बिहीबार सम्पन्न १३औं वार्षिकोत्सव तथा छैटौं महासभाबाट ढकालको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

तेह्र सदस्यीय कार्यसमितिमा महासभाले सात पदाधिकारी र चार सदस्य निर्वाचित गरेको छ। कार्यसमितिले बाँकी दुई सदस्यको मनोनयन गर्नेछ। निर्वाचन प्रक्रियाद्वारा नयाँ नेतृत्वसहितको कार्यसमिति चयन गरिएको हो ।

ढकाल 'दि राइजिङ नेपाल'मा कार्यरत छन् । उपाध्यक्षमा 'नोटबजार डटकम'का परमेश्वर अधिकारी र 'हाम्रो अर्थ'की मेनुका कार्की निर्वाचित भएका छन् ।

महासचिवमा 'अनलाइन खबर'का नवीन ढुङ्गाना, सचिवमा 'नेपाल खबर'का दीपक भट्ट र कोषाध्यक्षमा 'सिंहदरबार'की दिलु कार्की निर्विरोध निर्वाचित भएका छन्। सदस्यमा 'रातोपाटी'का निकेश खत्री, 'अनलाइन खबर'का विजय पराजुली, 'सेतोपाटी'की सविना कार्की र 'नेपाल प्रेस'का राजाराम न्यौपाने विजयी भएको निर्वाचन समितिले जनाएको छ।

# 'मेरो जित सुनिश्चित छ'

■ प्रभाव संवाददाता



**सिन्धुली–** सिन्धुली जिल्लाको बर्दिबास उद्योग वाणिज्य संघमा आफ्नो जित सुनिश्चित रहेको अध्यक्ष पदका लागि उम्मेदवारी दिएका जागेन्द्र श्रेष्ठले बताए । बर्दिबासका उद्योग व्यवसायीहरूको संगठनको नयाँ नेतृत्वका लागि चुनावी माहौलको पूर्वसन्ध्यामा श्रेष्ठले आफ्नो जित सुनिश्चित रहेको दाबी गरेका हुन् । नयाँ कार्यसमितिको लागि हुन लागेको निर्वाचनमा अध्यक्ष पदका लागि जागेन्द्र श्रेष्ठले पनि उम्मेदवारी दिएका छन् । उनले निर्वाचनको पूर्वसन्ध्यामा आफ्नो जित सुनिश्चत रहेको दाबि गरेका छन् ।

उनी भन्छन्, 'लेखेर राख्दा हुन्छ मैले चुनावमा लोकप्रिय मत ल्याएर जित्छु । स्थानिय उद्योगी, व्यवासाय, ब्यापारीको हकअधिकारका लागि लड्ने छु ।' उनले थपे, '१६ सय ८२ मतदाता रहेकोमा हजार बढी मत ल्याउँछु ।'

बाबा विश्वकर्मा यातायात प्रालिका अध्यक्ष रहेका श्रेष्ठ पञ्चकन्या कृषि पशुपंक्षि फर्मका पनि सञ्चालक हुन् । नयाँ नेतृत्वका लागि हुने निर्वाचनमा उनीसँगै कृष्णप्रसाद गौतम र विष्णु खड्काले पनि अध्यक्षमा उमेदवारी दिएका छन् ।

गौतमलाई एमाले र बर्दिबास नगरपालिकाका मेयर प्रल्हाद क्षेत्रीको साथ छ भने खड्कालाई माओवादी केन्द्रको पूर्ण साथ छ । स्वतन्त्रबाट उमेदवार बन्दै शंख चुनाव चिन्ह लिएर चुनावी मैदानमा उत्रिएका श्रेष्ठ बर्दिबास नगरपालिका - १ का स्थायी बासिन्दा हुन् । उनले आफू पार्टीगत भन्दा पनि व्यवसायीको हकहितका लागि लागि पर्ने जनाए । कुनै पार्टीको कार्यकर्ता भएर व्यावसायीको हित गर्न नसक्ने बताउँदै व्यावसायीको हक हितका लागि स्वतन्त्र व्यक्तिले सही रूपमा काम गर्ने बताए ।

# दूरसञ्चार कोषद्वारा 'ब्रोडब्यान्ड' उपलब्ध

**काठमाडौं (प्रस)–** नेपाल दूरसञ्चार प्राधिकरणले ग्रामीण दूरसञ्चार कोष परिचालन गरी 'ब्रोडब्यान्ड'उपलब्ध गराइरहेको छ । हालसम्म १८ प्याकेज मार्फत ७४ जिल्लाका विभिन्न स्थानमा जडान सम्पन्न गरी सेवा सञ्चालनमा ल्याएको छ ।

सम्पन्न भएका परियोजनामध्ये हालसम्म १० परियोजनाको मनिटरिङ तथा भेरिफिकेसन सम्पन्न भइसकेको र आठ परियोजनाको तेस्रो चरण अन्तर्गतको मनिटरिङ र भेरिफिकेसन बाँकी रहेको प्राधिकरणले जनाएको छ ।

त्यसैगरी सो कोष परिचालन गरी सञ्चालित परियोजनामध्ये भूकम्पबाट अति प्रभावित आठ जिल्लाहरू (काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) मा तीव्र गतिको इन्टरनेट पुऱ्याउनेबारे ७३ गाउँपालिका/नगरपालिकासँग समझदारीपत्रमा हस्ताक्षर भइसकेका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ